कम्पनी कानूनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक, २०८३ को अवधारणापत्र

१. नयाँ ऐन बनाउनुपर्ने औचित्य र आवश्यकता

नेपालको संविधान लागू भएपछि मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा प्रवेश गरेको छ। संविधानको धारा ५१ मा राज्यका नीतिहरू अन्तर्गत उद्योग, बाणिज्य र निजी क्षेत्रको सहभागिता सम्बन्धी व्यवस्था रहेको छ। वि.सं. २०६३ सालमा तर्जुमा भएको मौजुदा कम्पनी ऐनले हालको बदलिँदो वैश्विक आर्थिक परिवेश, नवप्रवर्तन तथा प्रविधिमा आधारित व्यवसाय, स्टार्टअप र संघीय संरचना अनुरूपको कम्पनी प्रशासनलाई पूर्णरूपमा सम्बोधन गर्न नसकेकोले नयाँ ऐनको आवश्यकता देखिएको हो।

क. संवैधानिक कारण

नेपालको संविधानको धारा १७ ले दिएको पेशा, रोजगार र उद्योग व्यवसाय गर्ने स्वतन्त्रताको हक, धारा ५० (३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलव्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक बृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने राज्यको निर्देशक सिद्धान्त तथा धारा ५१ (घ) अनुसार निजी क्षेत्रको लगानीलाई प्रवर्द्धन गर्ने तथा आर्थिक क्षेत्रका सबै गतिविधिमा स्वच्छता, जवाफदेहिता र प्रतिस्पर्धा कायम गर्न नियमनको व्यवस्था गर्दै सर्वाङ्गीण राष्ट्रिय विकासमा प्रोत्साहन र परिचालन गर्ने राज्यको नीति, संविधानको विभिन्न अनुसूचीमा तोकिएका अधिकारक्षेत्र बमोजिम कम्पनी प्रशासन गर्न समन्वय गर्नुपर्ने आवश्यकता रहेको।

ख. अन्तर्राष्ट्रिय दायित्व

व्यापार सहजीकरण (Ease of Doing Business) सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डको परिपालना, नेपाल पक्ष राष्ट्र भएका सन्धि सम्झौताका सिद्धान्तको आत्मसात, संस्थागत सुशासन (Corporate Governance) सम्बन्धी विश्वव्यापी असल अभ्यासहरूको अनुशरण र वैश्विक प्रतिष्पर्धात्मक क्षमता (Global Competitiveness) अभिवृद्धि गरी लगानी तथा व्यावसायिक वातावरण सुदृढ बनाउन एवम् अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन प्रणाली (International Financial Reporting System) लगायतका मानकसँग सामञ्जस्य हुनेगरी कानूनी व्यवस्था गर्न नयाँ प्रावधानसहितको ऐनको आवश्यकता देखिएको।

ग. सर्वोच्च अदालतको फैसला

नयाँ कम्पनी ऐन निर्माणका सम्बन्धमा सर्वोच्च अदालतबाट हालसम्म कुनै फैसला भएको नदेखिएता पनि ०७७-WO-०१६० को उत्प्रेषण परमादेश समेतको मुद्दामा दुई वर्षभित्र संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी एकीकृत ऐनको मस्यौदा गरी व्यवस्थापिका संसदमा पेश गर्नु भन्ने समेत व्यहोराको आदेश जारी भएको।

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

घ. नेपाल सरकारको नीति तथा कार्यक्रम

अ) नेपाल सरकारको 'कृषिमा लगानी दशक (वि.सं. २०८१- २०९१)' सूचना प्रविधि दशक (वि.सं. २०८१- २०९१ ) र 'डिजिटल नेपाल फ्रेमवर्क' का लक्ष्यहरू हासिल गर्न,

आ) सोह्रौं योजनाले लिएको तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धिको दीर्घकालीन राष्ट्रिय रणनीति हासिल गर्न,

इ) नेपाल सरकार मन्त्रिपरिषदको २०८२ चैत्र १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीमा उल्लिखित कम्पनी प्रशासन सम्बन्धी सुधार कार्ययोजनालाई कार्यान्वयन गर्न।

ङ. अन्य कुनै कारण

अ) कम्पनी प्रशासनमा विद्युतीय प्रणाली लागू गरी कम्पनी सम्बन्धी सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाई व्यक्तिको भौतिक उपस्थितिविना नै अनलाइन पद्धतिबाट सेवा प्रवाह गर्ने प्रणालीलाई कानूनी रुपमा थप सरल, सहज र सुदृढ बनाउन,

आ) कम्पनी सञ्चालक समितिको उत्तरदायित्व, स्वतन्त्र सञ्चालकको भूमिका, जिम्मेवारी र पारदर्शिता सम्बन्धी व्यवस्थालाई थप स्पष्ट बनाउन,

इ) बहुमत शेयरधनीबाट अल्पसंख्यक शेयरधनीको हित विपरीत हुनसक्ने कार्यको नियमन तथा उपचारात्मक व्यवस्था गर्न,

ई) सार्वजनिक कम्पनीहरुमा नियुक्ति गर्नुपर्ने पदहरुमा उपयुक्त व्यक्तिको नाम र पारिश्रमिक समेत सिफारिस गर्नका लागि समितिको व्यवस्था गर्न,

उ) कम्पनीको शेयरमा वास्तविक धनी (Beneficial Owner) र दर्तावाल शेयरधनी (Registered Owner) फरक छन् भने त्यसको अनिवार्य घोषणा (Mandatory Declaration) गर्ने व्यवस्था गर्न,

ऊ) सार्वजनिक कम्पनीमा कर्मचारी वा सरोकारवालाले भ्रष्टाचार, अनियमितता, गलत काम (Misconduct) गरेको भए गोप्य रूपमा जानकारी दिई पारदर्शिता बढाउन, नैतिक आचरण कायम गर्न र गलत कामलाई छिटो पत्ता लगाउने संयन्त्रको व्यवस्था गर्न,

ऋ) कम्पनी खारेजी सम्बन्धी लामो र जटिल प्रक्रियालाई सरलीकरण गर्न निष्क्रिय कम्पनीको स्पष्ट परिभाषा गर्ने, आवेदन प्रक्रियालाई सरल बनाउने, कम्पनीको अवस्थाको बारेमा सञ्चालकको स्वघोषणालाई मुख्य आधार लिने, प्रत्येक क्रियाकलापको समय सीमा तोक्ने र खारेजी प्रक्रियालाई सरल, सहज र प्रविधिमैत्री बनाउन,

ए) खारेज हुने कम्पनीको सम्पत्ति र दायित्व मूल्याङ्कन, एकिन र फरफारक सम्बन्धी व्यवस्थालाई थप स्पष्ट गर्न,

ऐ) साना र ठूला सबै कम्पनीका लागि रिपोर्टिङ र कागजी प्रक्रिया एउटै भएको सम्बन्धमा जोखिममा आधारित अनुपालन प्रणाली (Risk-based Compliance System) अवलम्बन गर्न,

औ) कर्मचारीलाई प्रोत्साहन स्वरुप निश्चित मूल्यमा भविष्यमा कम्पनीको शेयर किन्ने अधिकार दिने योजना, मेहनताना शेयर (Sweat Equity) सम्बन्धी स्पष्ट व्यवस्था, स्टार्टअप कम्पनीका लागि निश्चित प्रतिशतसम्म नगद बाहेकका शेयर अनुमति दिने व्यवस्था, प्रिमियम शेयर, कर्मचारी शेयर योजना जस्ता प्रावधान समावेश गर्न,

ॵ) विदेशी व्यक्ति वा कम्पनीले मुनाफा वितरण नगर्ने कम्पनी संस्थापना सम्बन्धमा थप स्पष्ट गर्न।

२. **नयाँ कानून बनाई कार्यान्वयन भएपश्चात हासिल गरिने उपलब्धीहरू**

क) कम्पनी दर्ता, सञ्चालन र खारेजी प्रक्रियामा सरलीकरण भई लगानीमैत्री वातावरण निर्माण हुने,

ख) अनलाइन प्रणाली र डिजिटल हस्ताक्षरको प्रयोगमार्फत प्रशासनिक लागत र झन्झट कम हुने,

ग) स्टार्टअप र नवीन प्रविधिमा आधारित व्यवसायका लागि कानूनी स्पष्टता हुने,

घ) कम्पनी प्रशासनमा पारदर्शिता र उत्तरदायित्व बढ्न गई लगानीकर्ताको हित संरक्षण हुने,

ङ) कम्पनी प्रशासनमा विश्वव्यापी रुपमा आएका नवीन प्रवृत्तिलाई कानूनी रुपमा संस्थागत गर्न सकिने।

३. **प्रस्तावित विषयमा मौजुदा कानून भए त्यसको नाम**

ऐनको नामः कम्पनी ऐन, २०६३

४. **मौजुदा कानून संशोधन गरी सो उपलब्धी हासिल हुन नसक्ने भए सोको कारणः**

विगत २५ वर्षमा व्यवसाय गर्ने शैलीमा आएको परिवर्तन र प्रविधिको विकासका कारण मौजुदा ऐनका धेरै दफाहरू असान्दर्भिक भइसकेका छन्। संघीयताको मूल्य र मान्यता अनुसार कम्पनी कानूनलाई समसामयिक बनाउन, कम्पनी प्रशासनका क्षेत्रमा विकसित नवीन विधिशास्त्र, प्रविधि तथा प्रवृत्तिलाई संस्थागत गर्न र डिजिटल अर्थतन्त्रका आयामहरूलाई समेट्न मौजुदा ऐनको संशोधनबाट मात्र सम्भव नहुने भएकोले यसलाई प्रतिस्थापन गरी नयाँ कानून बनाउनु अपरिहार्य देखिएको छ।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधिबाट तर्जुमा भएको हो ?**

नेपाल सरकार, मन्त्रिपरिषदबाट कम्पनी प्रशासनसँग सम्बन्धित विषयमा जारी भएका क्षेत्रगत नीतिहरु देहायबमोजिम रहेका छन्:

क) औद्योगिक नीति, २०६७

ख) आपूर्ति नीति, २०६९

ग) विदेशी लगानी नीति, २०७१

घ) राष्ट्रिय बौद्धिक सम्पत्ती नीति, २०७३

बहादुर राउत

ङ) राष्ट्रिय खनिज नीति, २०७४

च) वाणिज्य नीति, २०८१

छ) लघु, घरेलु तथा साना उद्योग प्रवर्धन नीति, २०८१

ज) राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८१

६. नीति निर्माणमा संलग्न पदाधिकारी

नेपाल सरकार (मन्त्रिपरिषद्), विभागीय मन्त्री, सचिव, सम्बन्धित महाशाखा प्रमुख, शाखा प्रमुख लगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिहरू।

७. प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनाएको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः

कम्पनी सम्बन्धी कानूनलाई मार्गदर्शन गर्ने अन्तर्राष्ट्रियस्तरको मानक कानून नभए तापनि विभिन्न मुलुक र United Nations Commission on International Trade Law- UNCITRAL, Organization for Economic Co-operation and Development- OECD, World Bank, International Monetary Fund- IMF जस्ता अन्तर्राष्ट्रिय संगठनले तयार गरेका कानून/ मापदण्डलाई आधार मानिएको।

८. प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धी कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः

कम्पनी प्रशासनको क्षेत्रमा विकसित नयाँ विषयहरु र निजी क्षेत्रका मागहरु लगायतका विषयहरु विद्यमान कम्पनी कानूनको संशोधनबाट मात्र सम्बोधन नहुने भएकोले नयाँ कम्पनी कानूनको मस्यौदा तर्जुमा गर्नुपर्ने भनी विभिन्न क्षेत्रबाट राय सुझाव प्राप्त भइरहेको भन्ने समेतका आधारमा नेपाल सरकार, (माननीय मन्त्रीस्तर) बाट मिति २०८०।१०।१० मा भएको निर्णय बमोजिम नयाँ कम्पनी विधेयकको तर्जुमा गर्न नेपाल कानून आयोगलाई अनुरोध गरिएको।

९. प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः

कम्पनी प्रशासन सम्बन्धी विद्यमान विद्युतीय सूचना प्रणालीको स्तरोन्नति गरी अनलाइन माध्यमबाट सेवा प्रवाह गर्न, सो प्रणालीलाई सम्बद्ध निकायका विद्युतीय सूचना प्रणालीसँग अन्तरआवद्धता कायम गर्न र डाटा सुरक्षाका लागि रकम आवश्यक पर्ने।

१०. प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः

नपर्ने (हालकै संरचनालाई थप सुदृढ र प्रविधिमैत्री बनाउनुपर्ने)।

११. प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनुपर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएकोः

कृष्ण बहादुर राउत

हाल सिद्धान्त स्वीकृतिको लागि मात्र कारवाही अगाडि बढाइएकोले यस विषयमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको च.नं. ४१८ मिति २०८३।०१।०९ को पत्रबाट सहमति प्राप्त भएको।

१२. प्रस्तावित कानूनमा समावेश गर्न खोजिएका मुख्य विषयहरू:

(क) कम्पनी र शेयरधनीको नयाँ परिभाषा

(ख) अनलाइन दर्ता, अभिलेखीकरण र डिजिटल प्रमाणीकरण सम्बन्धी व्यवस्था

(ग) मेहनताना (स्वेट) शेयर सम्बन्धी व्यवस्था

(घ) व्यावसायिक सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था

(ङ) सामुदायिक कम्पनी सम्बन्धी थप व्यवस्था

(च) अल्पसंख्यक शेयरधनीको अधिकार र लगानी संरक्षण सम्बन्धी थप व्यवस्था

(छ) कम्पनी खारेजी (Exit Strategy) र दामासाही सम्बन्धी प्रक्रिया

(ज) कसूर र सजाय सम्बन्धी प्रावधानहरूको समयानुकूल पुनरावलोकन

कृष्ण बहादुर राउत
सचिव (उद्योग)